नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक

पौष/माघ २०६८ (January 2012) वर्ष १६/अङ्क १७८

## 'ख्रीष्टमा-विश्रामको जीवन'

– पाष्टर रोबर्ट कार्थक

इस्राएलीहरूले सुनको बाछो बनाएर पुजेको कारण परमप्रभु तिनीहरूसँग साह्रै नै क्रोधित हुनुभयो। उहाँले मोशालाई भन्नुभयो, "...म तिमीहरूका अगिअगि एउटा दूत पठाउनेछु...तिमीहरू हठी मानिस हौ, यसकारण म तिमीहरूका मध्यमा हिँड्ने छैन, नत्र ता बाटैमा म तिमीहरूलाई नाश पारूँला।"...इस्राएलीहरूलाई भन, तिमीहरू हठी मानिस हौ म एकक्षणको निम्ति पनि तिमीहरूका मध्यमा आएँ भने म तिमीहरूलाई भस्म पार्ने छु (प्रस्थान ३३:२-३, ५)।

आगो र बादलको खाँमामा भएर तिनीहरूलाई बाटो देखाउनुहुने परमेश्वर नै तिनीहरूसँग नजानुहुने भएकोले मोशाले परमेश्वरलाई भनेथे, "बिन्ती छ, यदि तपाईंको निगाह ममाथि भएको छ भने अब मलाई तपाईंको मार्ग देखाउनुहोस्।" अनि उहाँले मोशालाई भन्नुभयो, "मेरो उपस्थिति नै तँसँग जानेछ र म तँलाई विश्राम दिनेछु।" तिनले उहाँलाई भने, यदि तपाईंको उपस्थिति मसँग गएन भने हामीलाई यहाँबाट उता नलानुहोस् (प्रस्थान ३३:१३-१५)।

ती हठी इस्राएलीहरूका निम्ति परमेश्वरसँग जानुभन्दा स्वर्गदूतसँग जानु नै धेरै सजिलो हुनेथ्यो। तिनीहरूले स्वर्गदूतबाट कति कुरामा छुट पाउन सक्नेथे जो परमेश्वरबाट तिनीहरूलाई कुनै हालतमा पनि मिल्ने थिएन। मोशाले छान्नु परेको थियो-साथमा कसलाई लैजाने ? परमेश्वरलाई कि स्वर्गदूतलाई ?

परमेश्वरसँगको यात्रा अत्यन्तै अनुशासित, व्यवस्थित गाह्रो हुन सक्छ भन्ने कुरा जान्दा जान्दै पनि मोशाले परमेश्वरलाई नै रोजे। तिनले भने, "यदि तपाईंको उपस्थिति मसँग गएन भने हामीलाई यहाँबाट उता नलानुहोस् (प्रस्थान ३३:१५)। परमेश्वरको उपस्थितिबिना दूध र मह बग्ने देशको प्रशस्त उत्तम आशिषभन्दा त बरु परमेश्वरसँगको उजाड-स्थानको सीमित साधारण राहतको राशन नै मोशालाई बेश लाग्ने भएको थियो। परमेश्वरसँगको हाम्रो सबैभन्दा खराब दिन परमेश्वरविनाको हाम्रो सबैभन्दा असल दिनभन्दा पनि असल हुन्छ।

यसैले दाऊद भन्छन्, "तपाईंको मन्दिरभित्रको एकदिन अरू ठाउँका हजार दिनभन्दा उत्तम हुन्छ। दुष्टका पालमा बस्नभन्दा ता बरु परमेश्वरको भवनको ढोके हुन मलाई मनपर्छ (भजनसंग्रह ८४:१०)।

२०१२ सालमा तपाईंसँग जानलाई तपाईंले कसलाई छान्नुभएको छ ? स्वर्गदूतलाई कि परमेश्वरलाई ? तपाईंसँग को जानुहुन्छ ? स्वर्गदूत कि परमेश्वर ?

ती अधन्यवादी गन्गनाइरहने असन्तुष्ट मानिसहरूको अनाज्ञाकारिता हठीपना, बागी-आचरणसँग परमेश्वर सन्तुष्ट हुनुहुन्नथ्यो तर पनि उहाँले तिनीहरूलाई प्यार गर्न छाड्नुभएन, तिनीहरूलाई माया गरिरहनुभयो, तिनीहरूको वास्ता गरिरहनुभयो। फलस्वरूप तिनीहरूलाई कुनै असल कुराको अभाव भएन (व्यवस्था २:७)। यर्दन पारीको दूध र मह बग्ने देश, प्रतिज्ञाका मुलुकका प्रशस्त उत्तम आशिषहरूको सामने उजाड-स्थानका आशिषहरू अति साधारण निम्नस्तरका मात्र थिए। यसर्थ असल-असल आशिषहरूका निम्ति परमेश्वर तिनीहरूलाई यर्दनपारी प्रतिज्ञाको देशमा नै लैजान चाहनुहुन्थ्यो।

यर्दनवारीकै उजाड-स्थानमा पाइने आशिषसँगै सन्तुष्ट भएका रूवेनी, गादी र मनस्सेका आधा कुलका मानिसहरूले प्रतिज्ञाको मुलुकमा जाने मन गरेनन्। 'हामीलाई यहींका आशिष भए पुग्छ; प्रतिज्ञाका मुलुकका आशिषहरू नभए पनि हुन्छ' भन्ने ती मानिसहरूलाई परमेश्वरले यर्दन पारी जानलाई कर लाउनु भएन। उहाँले मानिसहरूको स्वतन्त्र इच्छाको कदर गर्नुहुन्छ। अहिलेसम्म खीष्टमा उपभोग गरिराख्नुभएको थोरै साधारण आशिषमा नै तपाईं सन्तुष्ट हुनुहुन्छ भने खीष्टमा राखिएका स्वर्गीय स्थानका प्रशस्त बहुमूल्य आशिषहरूका लागि परमेश्वरले तपाईंलाई तपाईंको इच्छाविरुद्ध घिस्याएर यर्दन पारी लैजानु हुन्न। यर्दन वारी बसेर तपाईं पारीका ती उत्तम उत्तम आशिषहरू उपभोग गर्न पाउनुहुन्न। तपाईंलाई पारी जानै पर्छ। यसर्थ स्वर्गीय स्थानका ती असल आशिषहरू प्राप्त गर्नलाई पवित्र आत्माको बप्तिस्मा लिई उजाड-स्थान छोडेर तपाईंलाई स्वर्गीय स्थानमा पुग्न नै पर्छ।

मिश्रको दासत्वबाट मुक्त गरेर ती इस्राएलीहरूलाई विश्राम दिनलाई फेरि दासत्वको देश मिश्र मै राख्न परमेश्वरलाई उचित लागेन। तिनीहरूलाई यर्दन पारी कनान देशमा लैजाने प्रतिज्ञा उहाँले अब्राहामलाई पहिल्यै दिइसक्नुभएको थियो (उत्पत्ति १५:१३-२१)। यही प्रतिज्ञा उहाँले इसहाक र याकूबलाई पनि दिनुभएको थियो। यसैले त्यो दूध र मह बग्ने आशिषको देश 'प्रतिज्ञाको मुलुक' तथा 'विश्रामको देश' कहलाइयो। इस्राएलीहरूका निम्ति विश्रामको भौगोलिक देश हामी खीष्टियानहरूका निम्ति विश्रामको आत्मिक जीवन तथा 'स्वर्गीय स्थान' बन्न गएको छ। मोशाको नेतृत्वमा लाल-समुद्र पार गरेर मिश्रबाट निस्कि आएका ती तीस लाख इस्राएलीहरूलाई उजाड-स्थानबाट भएर यर्दन नदी तरी प्रतिज्ञाको मुलुकमा पुग्नु पर्नेथ्यो। तिनीहरूको अविश्वास र अनाज्ञाकारिताले गर्दा तिनीहरू त्यहाँ पुग्न सकेनन्। चालीस वर्षसम्म उजाड-स्थान मै अल्मलिएर बसेपछि मोशा पुस्ताका सबै मानिसहरू त्यहीं नाश भए। मोशा, हारुन, मरियम पनि प्रतिज्ञाको मुलुकमा जान पाएनन्। मोशा पुस्ताका कालेब र यहोशूमात्र उजाड-स्थान मै जन्मेकाहरूसँग प्रतिज्ञाको मुलुकमा पुगे।



| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | |
|---|---|---|---|---|---|---|
| **मिति** | **ज्ञानेश्वर** | **नगरकोट** | **सिर्जनानगर** | **ललितपुर** | **पनौती** | **गुरूजुधारा** |
| **पौष ३० गते जनवरी १४ ता.** | पाष्टर रोबट कार्थक<br>पाष्टर अशोक मुखिया | डीकन<br>मान बहादुर मगर | पाष्टर<br>महेश थाँजु | एल्डर<br>सिमोन खालिङ | पाष्टर<br>दफ्तन सादा | डीकन<br>नवराज के.सी. |
| **माघ ७ गते जनवरी २१ ता.** | पाष्टर<br>महेश थाँजु | एल्डर<br>पूर्ण सुनुवार | डीकन<br>बाघमान तामाङ्ग | पाष्टर<br>राजेन्द्र रोंगोंग | एल्डर<br>श्रीलक्ष्मी सैंजु | एल्डर<br>सिमोन खालिङ |
| **माघ १४ गते जनवरी २८ ता.** | एल्डर<br>सामुएल क्षेत्री | श्री<br>सिद्धि खालिङ | श्री<br>पदम बहादुर राई | एल्डर<br>दिल थापा | एल्डर<br>रूबेन श्रेष्ठ | डीकनेस्<br>ग्रेस खालिङ |
| **माघ २१ गते फरवरी ४ ता.** | पाष्टर<br>सामुएल कार्थक | **संयुक्त सेवा – ज्ञानेश्वर चर्च** | | पाष्टर<br>बि.बि. खवास | श्री<br>वीर बहादुर देउला | पाष्टर<br>रोल्याण्ड रोंगोंग |

लाल-समुद्र र यर्दन नदीको बीचको भूभाग नै उजाड-स्थान हो । १ कोरिन्थी १० अध्यायअनुसार लाल-समुद्र तर्नु नै मोशाको बप्तिस्मा अर्थात् पानीको बप्तिस्मा लिनु हो । हिब्रू ३ र ४ अध्यायको यर्दन नदी तरेर पारी जानुचाहिँ पवित्र आत्माको बप्तिस्मा लिनु हो । हामीलाई लाल-समुद्र तरेर मात्र पुग्दैन, यर्दन पारी पनि जानु पर्छ कारण प्रतिज्ञाको मुलुकचाहिँ यर्दनको पारीपट्टि छ । मिश्रबाट निस्कि आएकाहरू सबै मुक्ति पाएका, बचाइएका मानिसहरू नै हुन् । ती सबै परमेश्वरका सन्तान हुन्, ती सबै स्वर्ग जान्छन् । तर यर्दनपारी जानेहरू मात्र स्वर्गीय स्थानमा पुग्छन् । स्वर्गीय स्थान स्वर्ग होइन । स्वर्गीय स्थान पवित्र आत्माको भरपूरी भएको त्यो उच्चस्तरको विजयी ख्रीष्टिय जीवन हो जो हामीले यही संसारमा अहिल्यै जिउन सक्छौं ।

हिब्रू ४ मा बताइएको अनुसार के तपाईं परमेश्वरको विश्राममा प्रवेश गर्नुभएको छ ? हिब्रू ४:१ ले भन्दछ, ‘कतिको लागि परमेश्वरको विश्राममा प्रवेश गर्ने प्रतिज्ञा अझै पनि प्रतिज्ञा मात्र रहेको छ, अझसम्म पनि पूरा भएको छैन ।’ हिब्रू ४:६ ले पनि भन्दछ, कुनै कुनैलाई त्यहाँ प्रवेश गर्न बाँकी नै रहेको छ । उजाड-स्थानमै नाश भएका ती इस्राएलीहरू हिब्रू ३:१९ अनुसार, ‘अविश्वासको कारणले’ र हिब्रू ४:६ अनुसार ‘अनाज्ञाकारिताको कारणले’ प्रवेश गर्न नसकेको हामी देख्छौं । हिब्रू ४:९-१० ले भन्दछ, यसकारण परमेश्वरका मानिसहरूका निम्ति विश्राम दिनको आरामी बाँकी नै छ । किनकि उहाँका विश्राममा प्रवेश गर्नेले परमेश्वर आफैले गर्नुभएझैं आफ्नो कामबाट त्यसले पनि विश्राम लिएको हुनुपर्छ । यसैले हिब्रू ४:११ मा दिइएको सल्लाहअनुसार हामी त्यस विश्राममा प्रवेश गर्नलाई प्रयत्न गरौं (हतार गरौं) ।

ख्रीष्टिय जीवन परिश्रमको जीवन होइन, विश्रामको जीवन हो, कोशिषको जीवन होइन, विश्वासको जीवन हो । ख्रीष्टले मात्र ख्रीष्टको जीवन जिउन सक्नुहुन्छ, अरूहरूले सो जीवन जिउन सक्तैनन् । ख्रीष्टलाई अनुकरण गरेर जत्तिकै कोशिष गरे तापनि त्यो जीवनचाहिँ नक्कल गरिएको अधुरो नक्कली जीवन मात्र हुन्छ । ख्रीष्टको सक्कली जीवन ख्रीष्टले मात्र जिउन सक्नुहुन्छ । हाम्रो लागि खुशीको खबरचाहिँ त्यो जीवन जिउनलाई ख्रीष्ट स्वयँ हामीमा हुनुहुन्छ । जिउनलाई ख्रीष्ट स्वयँ हामीमा हुनुहुन्छ। हाम्रो सम्मतिविना, अनुमतिविना उहाँले सो गर्नुहुन्न । उहाँ हाम्रो स्वतन्त्र इच्छाको कदर गर्नुहुन्छ । हामीले उहाँलाई जिउन दियौं भने मात्र उहाँले आफ्नो जीवन हामीमा, हामीद्वारा जिउन पाउनुहुनेछ । यसैले पावल गलाती २:२० मा भन्छन्, “म ख्रीष्टसँग क्रूसमा टाँगिएको छु, तैपनि म जिउँछु । त्यसो भए तापनि म ता होइन तर ख्रीष्ट ममा जिउनुहुन्छ र जुन जीवन अहिले म शरीरमा जिउँछु ‘परमेश्वरको पुत्रको विश्वासमा जिउँछु जसले मलाई प्रेम गर्नुभयो र मेरो निम्ति आफैलाई समर्पण गर्नुभयो ।” अब हिब्रू ४:८-११ पढ्नुहोस् ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समयः विहान | स्थान | समयः विहान | स्थान |
|---|---|---|---|---|---|
| आराधना सेवा | शनिबार | ७:३०, ९:३० र ११:३० बजे | ज्ञानेश्वर | १०:३० बजे | सिर्जनानगर, नगरकोट |
| | | ९:०० बजे र ११:३० बजे | ललितपुर | | पनौती, गुरुजुधारा |
| | | ८:०० बजे र ११:०० बजे | गोंगबूँ | | रानीपौवा, साहुगाउँ |
| | | १०:३० बजे | जोरपाटी | | जहरसिंह पौवा, गाम्छा र सुन्दरीजल |
| आत्मिकी तथा चंगाई सेवा | महिनामा एक पटक | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबू, नगरकोट, सिर्जनानगर भक्तपुर, गाम्छा, सुन्दरीजल | | | |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, मीनभवन, कपन | | |
| | आइतबार | बेलुकी ६:०० बजे | लिपिकोट | | |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, गोंगबूँ, पनौती सिर्जनानगर | | |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला) | | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैसेपाटी | | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, ताहाचल | | |
| | शुक्रबार | बिहान ६:०० बज | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, कालीमाटी, कमलाक्षी गाम्छा, सुन्दरीजल र ताहाचल | | |
| | शुक्रबार | दिउँसो ३:०० बजे | पनौती | | |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | | |

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा | साहुगाउँ |
| **पौष ३० गते जनवरी १४ ता.** | पाष्टर एल.पी.न्यौपाने | श्री आकाश सापकोटा | श्री कृष्ण श्रेष्ठ | एल्डर दानिएल सापकोटा | पाष्टर बर्णबास श्रेष्ठ | डीकनेस् निर्मला ढुङ्गेल | श्री धन बहादुर तामाङ्ग |
| **माघ ७ गते जनवरी २१ ता.** | पाष्टर रोबर्ट कार्थक | एल्डर जमान तामाङ्ग | **संयुक्त सेवा – जोरपाटी चर्च** | | पाष्टर एल.पी.न्यौपाने | डीकन बेन्जामिन तामाङ्ग | श्री धन बहादुर तामाङ्ग |
| **माघ १४ गते जनवरी २८ ता.** | पाष्टर महेश थाँजु | एल्डर जमान तामाङ्ग | श्री अमृत लामा | पाष्टर एल.पी.न्यौपाने | डीकन बी.एन. पण्डित | श्री कुमार सेन्चुरी | श्री जय सिंह |
| **माघ २१ गते फरवरी ४ ता.** | एल्डर पासाङ्ग डेविड शेर्पा | एल्डर दानिएल सापकोटा | एल्डर गोपी राई | श्री राज गुरूङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | **संयुक्त सेवा गोंगबूँ चर्च** | श्री धन बहादुर तामाङ्ग |

## हार्दिक शुभकामना



आदरणीय पाष्टर गुरुबा रोबर्ट कार्थक यही पौष २६ गते/जनवरी १० तारीक मंगलबार ८६ वर्ष पूरा गरी ८७ औं वर्षमा प्रवेश गर्नुहुने भएकोमा नेइम परिवारको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछौं साथै उहाँको जीवनको आशिषमय सेवकाईको निम्ति परमेश्वर पितालाई धन्यवाद चढाउँछौं। आगामी दिनहरू र वर्षहरूमा पनि उहाँको सेवकाई र जीवनको सबै यात्राहरूमा पवित्र आत्माको भरपूरी र परमेश्वरबाटको अझ प्रशस्त आशिषको निम्ति प्रार्थना गर्दछौं।

**नेपाली इसाई मण्डली परिवार**

## जानकारी

१. मंसीर १७ गते/डिसेम्बर ३ ता. शनिबार नेइम ज्ञानेश्वर चर्चमा ३४जना विश्वासीहरूले समर्पण गर्नुभयो।

२. मंसीर २१ गते/डिसेम्बर ७ ता. नेइम गोंगबूँ चर्चमा १ जना र पौष १५ गते/डिसेम्बर ३० ता. शुक्रबार ४ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो।

३. मंसीर २३ गते/डिसेम्बर ९ शुक्रबार नेइम जोरपाटी चर्चमा १५ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो।

४. मंसीर २४ गते/डिसेम्बर १० ता. शनिबार नेइम ज्ञानेश्वर चर्चमा १ जना र पौष १२ गते/डिसेम्बर २७ ता. मंगलबार ११ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो।

५. पौष ६ गते/डिसेम्बर २१ ता. बुधबार नेइम ललितपुर चर्चमा १७ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो।

६. पौष १७ गते/जनवरी १ ता. आइतबार पाष्टर एल.पी. न्यौपानेको प्रार्थनाद्धारा नेइम जोरपाटी अन्तर्गत साँखुमा नयाँ चर्चको उद्घाटन गरियो।

७. पौष १९ गते/जनवरी ३ ता. मंगलबार नेइम ज्ञानेश्वर चर्चमा १३ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो।

## नव दम्पत्ति परिवारलाई हार्दिक बधाई



मंसीर २६ गते/डिसेम्बर ६ ता. मंगलबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य सुश्री अक्शा के.सी. र यू.एस.ए.को श्री जोन बेलीमलिनोको ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्-श्रीमती जोन/अक्शा बेलीमलिनोलाइ मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।



मंसीर २६ गते/डिसेम्बर ६ ता. मंगलबार नेइम सुन्दरीजल मण्डलीको सदस्य हरि थापा र विजय ज्योति मण्डलीको सदस्य सुश्री सुशीला भण्डारीको प्रार्थना चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती हरि/सुशीला थापालाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।



पौष ४ गते/डिसेम्बर १९ ता. सोमबार गोंगबूँ मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्-श्रीमती निर्मल राज/सोनी सुवेदीलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।

### जनवरी महिनाको कार्यक्रम

१. माघ १ गते/जनवरी १५ ता. आइतबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा

२. माघ १० गते/जनवरी २४ ता. मंगलबार बिहान १०:००-५:०० बजेसमम्म **नेइम संयूक्त घरेलू संगति अगूवा तालिम** ज्ञानेश्वर मण्डलीमा



म्है्पी, नयाँ बजार बस्नुहुने गोंगबूँ मण्डलीको सदस्य **श्रीमान् खवाङ सिंह तामाङ** ६६ वर्षको उमेरमा पौष १० गते/डिसेम्बर २५ ता.आइतबार प्रभुमा सुत्नुभयो।